|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 6 | 0 | 1500 | ४४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २१ गते (5th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.** (श्रम ईजाजत नं. ८९८/०६७/०६८)

Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488


---

**मण्डनदेउपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
महादेवस्थान, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## सेवा करार सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७९/०९/१४)**

यस नगरपालिकाको लागि तपसील बमोजिम जनशक्ति सेवा करारमा लिनु पर्ने भएकोले देहायको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा यस नगर कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । यसको दरखास्त फाराम, दरखास्त दस्तुर रसिद, कार्य विवरण, पारीश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण यस कार्यालयको कर्मचारी प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।

**तपसील**

| विज्ञापन नं. | सेवा करारमा लिने पद | तह | संख्या | न्यूनम शैक्षिक योग्यता | आवेदनमा संलग्न गर्नु पर्ने कागजातहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| २/२०७९-८० | पशु चिकित्सक | रा. प. तृतीय सरह | १ | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको । | - शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि<br>- नेपाल पशु चिकित्सा परिषद दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, | |
| ३/२०७९-८० | कृषि स्नातक | रा. प. तृतीय सरह | १ | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक उत्तिर्ण भएको । | - शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि<br>- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, | |
| ४/२०७९-८० | वित्तीय साक्षरता सहजकर्ता | सहायक पाचौं | १ | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तिर्ण<br>- वित्तीय संस्था सहकारी, उद्यशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव | - शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि<br>- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,<br>- अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव:
   (**क**) शैक्षिक योग्यता : माथि उल्लेख भए बमोजिम
   (**ख**) उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
२. दरखास्त दिने स्थान:- मण्डनदेउपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय (प्रशासन शाखा), महादेवस्थान काभ्रेपलाञ्चोक ।
३. आवेदन दस्तुर:- वित्तीय साक्षरता सहजकर्ता : रु.५००।-
   पशु चिकित्सक र कृषि स्नातक : रु १०००।-
४. छनौटको किसिम :- लिखित, प्रयोगात्मक, तथा अन्तर्वार्ता
५. सेवा सुविधा तथा अन्य:- कार्यक्रमको नियमानुसार
६. परीक्षाको मिति, समय र स्थान पछि प्रकाशन गरिनेछ ।

**नोट:- उल्लेखित सेवा करार नेपाल सरकारबाट सेवा निरन्तरताका कार्यक्रम प्राप्त भएको अवस्थामा बाहेक २०८० असार मसान्तबाट स्वत: समाप्त हुनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**
**मण्डनदेउपुर नगरपालिका**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### रोजगारीका नाममा हुने ठगी नियन्त्रण गर

मुलुकको अर्थतन्त्र जोगाउन मुख्य योगदान गरिरहेको वैदेशिक रोजगार क्षेत्रमा व्याप्त विकृति नियन्त्रणमा सरकार सधैं असफल हुँदै आएको छ । जुनसुकै दलको सरकार आए पनि, जोसुकै श्रममन्त्री बनेर आए पनि वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित बनाउने उद्घोष गरिन्छ । तर, अहिलेसम्म यस्ता विकृति नियन्त्रणमा आउन सकेका छैनन् ।

स्वदेशमा रोजगारी नपाएर बाध्यात्मरुपमा वैदेशिक रोजगारलाई रोज्नुपरेका युवाहरु पाइला–पाइलामा ठगिनुपर्छ । वैदेशिक रोजगारीका लागि आवश्यक पासपोर्ट बनाउन सुरु गर्दैदेखि उनीहरु बिचौलियाबाट ठगिँदै आएका छन् । त्यसपछि म्यानपावर कम्पनीमार्फत प्रक्रिया सुरु गर्दादेखि रोजगार गन्तव्य मुलुक नउड्दासम्म नै उनीहरुले ठगिनुपर्छ । आर्थिक र मानसिकरुप दुवैरुपमा उनीहरु पीडित बन्नुपर्ने अवस्था अद्यपि कायमै छ । विदेश पुगिसकेपछि पनि उनीहरुले अनेक समस्या भोग्नुपर्छ । यहाँ जुन सम्झौता गरेर गएका हुन्छन् त्यसअनुसारको काम र तलब नपाउनेदेखि विभिन्न जटिल समस्यामा उनीहरुले पर्ने गरेका छन् ।

यी समस्या सम्बोधनका लागि सरकारले विभिन्न निकायहरुलाई सक्रिय बनाएको छ । ती निकायमार्फत विभिन्न कार्यक्रमहरु पनि ल्याइएको छ । तर, विडम्बना ती कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयनमा आउन नसक्दा युवाहरु पीडित हुने क्रम रोकिएको छैन । पछिल्लो तथ्यांकले पनि वैदेशिक रोजगारीका नाममा ठगीका घटना अनियन्त्रित देखिएको छ । वैदेशिक रोजगार विभागमा चालु आर्थिक वर्षको पाँच महिनामा मात्रै करिब १२ सय वैदेशिक रोजगारसम्बन्धी उजुरी दर्ता भएका छन् । साउनदेखि मंसिर मसान्तसम्म एक हजार १९० वटा ठगीका उजुरी परेका विभागको तथ्यांक छ ।

विभागले श्रम, रोजगार तथा सामाजिक मन्त्रालयलाई उपलब्ध गराएको तथ्यांकअनुसार वैदेशिक रोजगारसम्बन्धी व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीहरुले ठगी तथा अलपत्र पारेको भन्दै ४१० वटा उजुरी परेका छन् । इजाजतपत्र नलिएका अन्य संस्था तथा व्यक्तिले ठगी गरेको भनी ७८० वटा उजुरी दर्ता भएका छन् । म्यानपावर कम्पनीहरुले ठगी गरेको भन्दै दर्ता भएको उजुरीमा छ करोड ५६ लाख ५९ हजार रुपैयाँ मागदाबी गरिएको छ । यस्तै अन्य व्यक्ति वा संस्थाबाट ठगिएको उजुरीमा २८ करोड २३ लाख २० हजार रुपैयाँ मागदाबी परेको विभागले उल्लेख गरेको छ ।

विभागले अनुगमनका क्रममा चालु आवको मंसिर मसान्तसम्मको अवधिमा २२ वटा म्यानपावर कम्पनी र ४४ वटा अभिमुखीकरण संस्थाको नियमित तथा आकस्मिकरुपमा अनुगमन गर्दा नियमविपरीत गतिविधि गर्ने छ वटा म्यानपावर र २२ वटा अभिमुखीकरण संस्थाहरूलाई वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम तत्कालका लागि बन्द गरी कारबाही गरिएको उल्लेख गरेको छ । वैदेशिक रोजगारसम्बन्धी ठगी गरेको उजुरीका आधारमा एक ट्राभल एजेन्सी र एक शैक्षिक परामर्श केन्द्रमासमेत आकस्मिकरुपमा अनुगमन गरी कारबाहीको दायरामा ल्याइएको विभागले जनाएको छ ।

यो तथ्यांकले वैदेशिक रोजगार क्षेत्रमा रहेको विकृतिलाई छर्लंग पारेको छ । इजाजतपत्र प्राप्त म्यानपावर कम्पनी होस् या अनधिकृतरुपमा वैदेशिक रोजगारीमा पठाउने कन्सल्टेन्सी तथा ट्राभल एजेन्सी, विभिन्न तहका बिचौलियाबाट भइरहेको यस्ता ठगीका घटना नियन्त्रणमा सरकारले प्रभावकारी कदम चाल्नुपर्छ । नयाँ सरकारले अब भाषण र कागजमा मात्रै होइन, व्यवहारमै काम गरेर देखाउन जरुरी छ ।

## मनन्योग्य

### चाणक्य नीति

यी सब देखी चाणक्यको को उनको मुखमा प्रकट भइरहेथ्यो। सोच्दै थिए कि के यो मदान्ध राजाका हातमा मगध राज्य सुरक्षित छ ? यदि सिकन्दरले यस राज्यमा लडाई गरेका भए त्यो आँधी रोक्न सक्ने क्षमता थियो र नन्दमा ? राम्रो नै भयो सिकन्दर लडाई नै नगरी फर्केर गयो तर फेरि पनि त सिकन्दर फर्केर आउन सक्छ । किन कि, आम्भी र पुरु सिकन्दरका अधीनमा गई नै सके ।

मन्त्री राक्षसले दण्डको डर देखाई राज्य सन्चालन सायद राम्रैसँग गरेकै होला तर जनताबाट नाना किसिमका कर लिई भरिएको राजकोप कसरी लुटाइरहेछ, यो सबैमा त्यो राक्षस त्यति नै दोषी छ जति नन्द दोषी छ । मैले नन्दलाई समाप्त गर्नैपर्छ मगधका लागि यस राजाको कुनै आवश्यकता छैन । मगधका लागि म आफै राजाको खोजी गर्नेछ । चाणक्यले दिएको बुद्धिले नै त्यो राजाले शासन गर्छ । चाणक्य यी सबै सोच्दै थिए । साप्ताहिक समीक्षाको कारवाही सुरु भयो। उनले देख दरबारिया मन्त्रीगण कसरी राजाको चाटुकारी गरिर हेछन् ।

यो देखी चाणक्यको रिस सीमाबाहिर भयो । क्रोधपूर्ण भई सभाका बीचमै उनी उत्रिए । यसरी रोषमा आएका, सफा धोती फेरेका, सेतो सफा कपडा काँधमा राखेका काला रंगका, अगाडिका दुई दाँत भाँचिएका अग्लो र दुब्लो शरीर, निधारमा त्रिपुण्डक धारण गरेका कपालविनाको शिर तर दुप्पी खुला पारेका, घाँटीमा रुद्राक्षमाला, काँधमा जनै ढल्दै गएको यौवन, एक साधारण ब्राह्मण तर मुखमा विद्वत्ताको प्रचण्ड तेज भएका यस्ता अज्ञात ब्राह्मण बीच सभामा आएको देख्दा सबै झस्किए ।

चाणक्यलाई देखेर महापद्म नन्द राजा झस्किए । तर, उनले सम्हालिएर भने- “के कुरा हो ब्राह्मणदेवता । तपाई को हुनुहुन्छ कहाँबाट आउनुभयो ?” चाणक्यले क्रोधपूर्ण स्वरमा जवाफ दिए- “राजा नन्द ! म को हुँ यो त पछि समयले बताउनेछ, तर म तक्षशिलाबाट आएको हूँ, मेरो जन्म यही मगध देशमा भएको हो, आम्भीले आत्मसमर्पण गरेको देखी यहाँ आएको थिएँ । क्रमशः

# रोग लाग्दा समुदायको सहारा बन्यो ‘जीवन वरदान’

चन्द्रकला भण्डारी

मेचीनगर-९ का ४२ वर्षीय खगेन्द्र दर्जीलाई सात महिनाअघि ठूलो आन्द्रामा क्यान्सर रोग संक्रमण भएको पहिलोपटक थाहा पाउँदा उपचार गर्न नसकेर मरिएला कि भन्ने चिन्ताले पिरोलेको थियो । उपचार धान्नै नसक्ने महँगो हुने र लामो अवधि लाग्ने भएका कारण आर्थिक अवस्था नाजुक भएका खगेन्द्रजस्ता क्यान्सर संक्रमित अत्तालिनु अस्वाभाविक होइन । स्वास्थ्य परीक्षण, शल्यक्रिया र औषधिको विभिन्न चरण पार गर्दा बिरामीले उपचारका लागि घरखेत नै बेच्नुपर्ने बाध्यता आउने गरेको छ ।

रोगले थलिएको कठिन अवस्थामा दर्जीको उपचार खर्च झापाको विर्तामोडस्थित सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले व्यहोरिदिएको छ । क्यान्सर उपचारको अधिकांश खर्च सहारा नेपालले व्यहोरेपछि दर्जी चिन्तामुक्त भएर सुविधा सम्पन्न पूर्वाञ्चल क्यान्सर अस्पतालमा उपचारमा जुटेका छन् । ‘अस्पतालमा भर्ना हुँदाको शयचा, शल्यक्रिया र औषधि खर्च सहाराले नै भुक्तानी गरिरहेको छ,’ हाल १२औं चरणको केमो उपचार गरिरहेका दर्जी भन्छन्, ‘क्यान्सर लागेको पहिलोपल्ट थाहा पाउँदा उपचार गर्न नसकेर मरिन्छ होला जस्तो लागेको थियो, अब सबै खर्च सहाराले व्यहोर्ने भएपछि बाँच्छु भन्नेमा ढुक्क भएको छु ।’

> आफ्नो संस्थाका सदस्य बिरामी भएको र दुर्घटनामा परेका अवस्थामा उपचार सुविधा पुर्‍याउनका लागि सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले सञ्चालन गरेको स्वास्थ्य कार्यक्रम हो ‘जीवन वरदान’ । ‘जीवन वरदान’ कार्यक्रमको सदस्य बनेबापत एउटा स्मार्ट कार्ड पाउँछन् । शल्यक्रिया गर्नुपर्ने र शय्यामा भर्ना हुनुपर्ने कुनै पनि अवस्थाको बिरामीले मान्यताप्राप्त स्वदेशी अस्पतालमा उक्त कार्ड देखाएर उपचार सेवा लिनसक्ने व्यवस्था संस्थाले मिलाएको छ ।

सहारा नेपालले विनाकारण उनको उपचार खर्च व्यहोरेको भने होइन । सहारा नेपालका सहकारी सेयर सदस्य दर्जी संस्थाको ‘जीवन वरदान’ कार्यक्रमको सदस्य रहेका छन् । हरेक सेयर सदस्यले वार्षिक तीन हजार ४७५ रुपैयाँ बुझाएपछि ‘जीवन वरदान’ कार्यक्रमको सदस्य बन्न पाउँछन् । ती सदस्य जटिल बिरामी भएमा उपचार खर्च संस्थाले व्यहोर्दै आएको छ ।

### “जीवन वरदान” के हो ?

आफ्नो संस्थाका सदस्य बिरामी भएको र दुर्घटनामा परेका अवस्थामा उपचार सुविधा पुर्‍याउनका लागि सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले सञ्चालन गरेको स्वास्थ्य कार्यक्रम हो ‘जीवन वरदान’ । ‘जीवन वरदान’ कार्यक्रमको सदस्य बन्नका लागि सबैभन्दा पहिला सेयर सदस्य हुन जरुरी छ। संस्थाले सेयर सदस्यलाई वार्षिकरुपमा शुल्क लिएर सदस्यता नवीकरण गरिदिन्छ ।

सदस्य बनेबापत एउटा स्मार्ट कार्ड पाउँछन् सदस्यले । शल्यक्रिया गर्नुपर्ने र शयचामा भर्ना हुनुपर्ने कुनै पनि अवस्थाको बिरामीले मान्यताप्राप्त स्वदेशी अस्पतालमा सो कार्ड देखाएर उपचार सेवा लिनसक्ने व्यवस्था संस्थाले मिलाएको छ ।

प्रदेश १ को बिएन्डसी हस्पिटल, विर्तासिटी हस्पिटल, मनमोहन हस्पिटल, ओमसाई पाथिभरा हस्पिटल, नोभेल मेडिकल कलेज, न्युरो हस्पिटल, बिराट मेडिकल कलेज मात्र होइन, काठमाडौंका नर्भिक हस्पिटल, ग्राण्डी हस्पिटलजस्ता ३४ वटा ठूला निजी अस्पतालमा उपचार गराउनसक्ने सुविधा ‘जीवन वरदान’ कार्यक्रमले प्रदान गरेको संस्थाका उपनिर्देशक लक्ष्मणप्रसाद खतिवडाले बताए ।

धरानको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान होस् या काठमाडौंको वीर अस्पताल, सहाराको ‘जीवन वरदान’ कार्यक्रमका सदस्यले त्यहाँ उपचार सुविधा पाउने गरेका छन् । भारतको प्रख्यात राजीव गान्धी क्यान्सर अस्पताल, मेदान्त अस्पताललगायतमासमेत उपचार गराउन सकिने सुविधा संस्थाले प्रदान गरेको उनको भनाइ छ । बिएन्डसी हस्पिटलका जनसम्पर्क अधिकृत प्रमिस गिरीले सहारा नेपालको ‘जीवन वरदान’ कार्यक्रमबाट क्यान्सरलगायतका ठूलो रोग लागेका बिरामीको उपचारको जिम्मेवारी लिएर समुदायबाट प्रशंसा पाएको बताए ।

गिरीका अनुसार बिएन्डसी हस्पिटलमा सहारा नेपालले हेल्थ डेस्क नै सञ्चालन गरेर बिरामीलाई उपचारमा सहजीकरण गरिरहेको जानकारी दिए । यस्तो हेल्प डेस्क झापाको विर्तासिटी र मनमोहन हस्पिटलमासमेत राखिएको छ । ती डेस्कमा स्वास्थ्य क्षेत्रका जानकार कर्मचारी खटाइने गरेको छ । वार्षिक एक करोड रुपैयाँभन्दा बढी उपचार शुल्क तिर्नुपर्ने अस्पतालमा सहारा नेपालले ‘जीवन वरदान’ कार्यक्रमको हेल्प डेस्क राखिने गरेको कार्यक्रमका संयोजक भक्तबहादुर खड्का बताउँछन् ।

### छ लाखसम्मको शल्यक्रिया सुविधा

सहारा नेपालको ‘जीवन वरदान’ कार्यक्रमबाट बिरामीले शल्यक्रियाबापत छ लाख रुपैयाँ र औषधिबापत पाँच लाख रुपैयाँसम्मको सुविधा पाउने गरेको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी प्रमुख महेन्द्र गिरीले जानकारी दिए । ‘क्यान्सरको उपचारकै कुरा गर्ने हो भने शल्यक्रिया गर्दा छ लाखसम्म र केमो चढाउँदा पाँच लाख रुपैयाँसम्मको खर्च व्यहोर्दै आएका छौं,’ जीवन वरदान कार्यक्रमका परिकल्पनाकार गिरीले भने, ‘यसरी हेर्दा १० लाख रुपैयाँभन्दा बढीको उपचार सहाराको सदस्यले ‘जीवन वरदान’बाट पाउनुहुन्छ ।’

नेपाली सेना र नेपाल प्रहरीको कल्याण कोषबाट सैनिक तथा प्रहरीले जस्तोसुकै बिरामी र दुर्घटनाको अवस्थामा निःशुल्क उपचार पाउने गरेको थाहा पाएर त्यही उत्प्रेरणाबाट ‘जीवन वरदान’ कार्यक्रमको थालनी २०६७ सालमा सुरु गरिएको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी प्रमुख गिरीले बताए । ‘हामीले यो कार्यक्रम सुरु गर्दा ३५० जना सदस्य हुनुहुन्थ्यो, उहाँहरुलाई बिरामी भएका अवस्थामा उपचार गरेको बिलका आधारमा १० हजार रुपैयाँसम्म सहयोग उपलब्ध गराइन्थ्यो,’ गिरीले भने, ‘२०७० सालदेखि मुटु, मिर्गौला र क्यान्सरजस्ता घातक रोगका बिरामीलाई २५ हजार रुपैयाँसम्म उपचार खर्च उपलब्ध गराउने निर्णय भयो ।’

हाल सहारा नेपालको ३० हजार सदस्य जीवन वरदान स्वास्थ्य कार्यक्रमको सदस्य बनिसकेको कार्यक्रमका संयोजक भक्तबहादुर खड्काले जानकारी दिए । सदस्यले बर्सेनि बुझाउने शुल्क र संस्थाले वार्षिक आयबाट छुट्याउने निश्चित प्रतिशत रकमको स्वास्थ्य कोष बनाएर राखिएको रकम नै हाल करोडौं भइसकेको छ । जसबाट सदस्यको उपचार खर्च व्यहोर्ने गरिएको उनी बताउँछन् ।

संस्थाले जीवन वरदान कार्यक्रमलाई आफ्नो सबैभन्दा महत्त्वको परियोजना मानेको छ । विर्तामोडस्थित प्रधान कार्यालयमा यसको छुट्टै शाखा सञ्चालनमा छ भने अस्पतालमा सेवाग्राहीको सुविधाका लागि ‘हेल्प डेक्स’हरु स्थापना गरिएका छन् । हेल्प डेस्कका कर्मचारीले सेवाग्राहीलाई अस्पतालको उपचार सेवामा सहजीकरण गर्दै आएका छन् ।

साना तथा मझौला रोगको उपचारका लागि १२ वर्षअघि परिकल्पना गरिएको जीवन वरदान कार्यक्रम हाल पूर्वी नेपालको आकर्षक स्वास्थ्योपचार कार्यक्रमका रुपमा स्थापित भइसकेको पहिलो सदस्य बनेका संस्थाका संस्थापक सदस्य छविलाल खतिवडाले बताए ।

उनका अनुसार कार्यक्रमका सदस्यको बाबुआमा र सासूससुरामध्ये कसैको निधन हुँदा संस्थाले किरिया खर्चबापत ३० हजार रुपैयाँ र सरायबापत ३० हजार रुपैयाँ दिने गरिएको छ । सदस्य सुत्केरी हुँदा दुई हजार रुपैयाँको पोषण सहयोग र शल्यक्रिया भएका बिरामी अस्पतालबाट घर फर्किसकेपछिसमेत ‘होम केयर’ सुविधा दिइने गरिएको छ । मधुमेह, रक्तचाप, दम, थाइराइडलगायतका १० वटा दीर्घरोगका बिरामीको औषधि खरिदमा ५० प्रतिशत अनुदान यसै कार्यक्रमबाट दिइने गरिएको छ ।

कार्यक्रमका संयोजक खड्काका अनुसार आव २०७६/७७ मा एक हजार २३८ जना, आव २०७७/७८ मा एक हजार ३०५ जना, आव २०७८/७९ मा एक हजार ४६० जना र चालु आर्थिक वर्षको पाँच महिनामा ५७० जना बिरामीले ‘जीवन वरदान’ कार्यक्रमबाट उपचार सुविधा लिइसकेका छन् । विगत १२ वर्षमा यस्तो स्वास्थ्योपचार सुविधा लिने सदस्यको संख्या पाँच हजार नाघिसकेको उनले बताए ।

उपचार पाउनेमा अधिकांश महिला रहेको र उल्लेख्य संख्यामा मुटु, मिर्गौला, क्यान्सरजस्ता जटिल रोग लागेकाहरु रहेका छन् । सहिद दशरथ माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक एवं राजनीतिकर्मी हरिचरण बानियाँ सहाराको ‘जीवन वरदान’ कार्यक्रम ग्रामीण तथा सहरमा बस्ने विपन्न तथा मध्यम वर्गका समुदायको स्वास्थ्योपचारका लागि अत्यन्त आवश्यक सावित भएको बताउँछन् । ‘म र मेरी श्रीमती दुवै जना क्यान्सरको उपचार गराइरहेका छौं, यसमा सहाराको यस कार्यक्रमबाट धेरै सुविधा पाएका छौं,’ उनले भने, ‘अरु सहकारीले सदस्यसँग बचत तथा ऋणको मात्र कारोबार गर्छन्, तर सहाराले रोग लाग्दा उपचारकोसमेत जोहो गरिदिएको छ ।’

सहारा नेपालको यो स्वास्थ्य उपचार कार्यक्रम लोकप्रिय भएपछि संस्थाको सेयर सदस्य बन्न चाहनेहरु बढेका छन् । संस्थाका अध्यक्ष हरि राजवंशीका अनुसार निकट भविष्यमा सहाराका सबै सदस्यलाई उपचार निःशुल्क बनाउने लक्ष्य राखिएको छ ।

### सेयर पँजी डेढ अर्ब नाघ्यो

झापाको विर्तामोडमा प्रधान कार्यालय रहेको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाको सेयर पुँजी डेढ अर्ब नाघेको छ । सदस्य र पुँजीका आधारमा देशकै ठूलो सहकारी संस्था बनेको दाबी गर्दै संस्थाका कार्यकारी प्रमुख महेन्द्र गिरीले चालु आर्थिक वर्षको मंसिर मसान्तसम्ममा सेयर पुँजी एक अर्ब ६३ करोड १४ लाख ८० हजार रुपैयाँ पुगेको जानकारी दिए ।

झापा, मोरङ, सुनसरी, इलाम, पाँचथर र उदयपुर गरी छ जिल्लामा ७९ वटा सेवा केन्द्र रहेको सहारा नेपालमा एक लाख ५९ हजार ७७८ जना सेयर सदस्य र ५१५ जना कर्मचारी कार्यरत छन् । संस्थाको जगेडा कोषमा एक अर्ब ११ करोड २१ लाख ६६ हजार रुपैयाँ जम्मा रहेको र कूल वासलात १५ अर्ब ३८ करोड रुपैयाँ पुगेको उनले बताए ।

बचत, ऋण, लघुवित्त, स्वास्थ्योपचार र सामाजिक सेवाका विभिन्न कार्यमा अग्रणी रहेको यस सहकारीले बैंकिङ, गरिबी निवारण, रोजगार सिर्जना, व्यावसायिक प्रवर्द्धन, सामाजिक जागरणका क्षेत्रमा अतुलनीय योगदान पुर्‍याउँदै आएको संस्थाका अध्यक्ष हरि राजवंशी बताउँछन् ।

कोरोना महामारी र युक्रेन युद्धका कारण सिर्जित आर्थिक मन्दीसँग जुझ्दै सहारा नेपालले आफ्ना सदस्यको आर्थिक क्रियाकलापमा कमी आउन नदिएको उनको भनाइ छ । संस्थाले यस वर्ष ४९ करोड ७७ लाख रुपैयाँ खुद मुनाफा आर्जन गर्न सफल भएको छ । *रासस*

## पत्र–मञ्जुषा

### कर्जा मिलाइदिने नाममा मौलाएको ठगीधन्दा

नपढेका, सोझा, इमान्दार र गरिबीको चपेटामा परेका जनता जहिले पनि बिचौलियाबाट ठगिन्छन् । विदेश पठाउने नाममा होस् या अन्य कुनै काम गर्नैका लागि होस् बिचौलियाहरुले सोझा जनतालाई लुटेका छन् । पछिल्लो समय यो क्रम थप बढेको छ । बिचौलियाहरुले कर्जा मिलाइदिने नाममा सर्वसाधारणहरु पीडित बनाउने काम गरिरहेका छन् । वित्तीय संस्थाका अध्यक्ष, सञ्चालकसँग आफ्नो राम्रो चिनजान भएको बताउँदै बिचौलियाले घरजग्गाको लालपूर्जा, चार किल्ला, घर बाटो लिने कार्य भइरहेको छ ।

विश्वास दिलाएर कागजपत्र उठाइरहेका छन् । दुई करोडको धितो छ भने ८० लाखदेखि एक करोड रुपैयाँ निकालिदिने आश्वासन दिन्छन् । त्यो धितो राखेर पैसा निकालिदिएबापत १५ देखि २० लाख रुपैयाँ कमिसन चाहिन्छ भन्छन् । कमिसनमध्ये आधा रकम बैंकका अध्यक्ष, चियरम्यान वा म्यानेजरहरुलाई दिनुपर्छ भन्ने गर्दछन् । यता, पाँच प्रतिशत बैंकलाई दिनुपर्ने सेवा शुल्क छुट्टै छ । कागजपत्र लिने बेलैमा आधा पैसा अहिले आधा पछि भनेर माग गर्छन् ।

कतिले विश्वास गरेर पैसा र कागजपत्र दिएका पनि छन् । कतिपयले आफूसंग पैसा नभएको र कागजपत्र मिलेपछि त्यहीबाट लिनूस् भन्छन् । अहिले बजारमा यो क्रम बढेको छ । कर्जा मिलाइदिन्छु भनेर आश्वासन बाँड्दै हिँडेका बिचौलियाहरुको बिगबिगी छ । बैंकका हाकिमहरुलाई खाजा खुवाउनुपर्छ भनेर बहाना बनाउँछन् । त्यस्तै, कमिसन पनि कर्जा पास गर्नुअगावै नै दिनुपर्छ भनेर कागजपत्रसँगै पैसाको माग गर्छन् । बैंक फाइनान्सबाट एक महिनामा कर्जा मिलाइदिन्छु भन्छन्, बिचौलिया ।

यता, व्यक्तिबाट कर्जा लिने हो भने एक हप्तामै मिलाइदिन्छु भनेर कागजपत्र र पैसा लिन्छन् । व्यक्तिबाट ब्याज मिलायो भने २४ देखि ३६ प्रतिशत ब्याज तिर्नुपर्छ भन्ने गरिएको छ । बैंकबाट लिएकोचाहिँ १८ देखि २४ प्रतिशत तोकिएको छ । व्यक्तिलाई महिना-महिनामा ब्याज दिनुपर्ने र दुईदेखि तीन वर्षमा चुक्ता गरिसक्नुपर्ने सर्त राखिएको छ । तीन महिना ब्याज रोक्यो भने जग्गा फिर्ता नगर्ने भनेर मौखिक र लिखित कागज नै गराएका छन्, बिचौलियाहरुले ।

यी दलालीहरुले बैंकमा गएर कागजपत्रमा हस्ताक्षर गरे मात्र हुन्छ । केही भन्न र सोध्नुपर्दैन भनेर पहिल्यै सम्झाएका हुन्छन् । दलाली र बैंकका कर्मचारीले पहिल्यै नै सेटिङ मिलाएका हुन्छन् । बैंकको कर्मचारीहरु नै कमिसनका लागि सोझा जनता डुबाउने काम गरिरहेका छन् । कमिसनका लागि सर्वसाधारणलाई सुकुम्बासी बनाउन खोजिएको छ । नपढेकाले कर्जाको कागजमा के लेखेको छ भनेर कसरी थाहा पाउने ? पढ्दै नपढीकन कर्जाको फाइलमा हस्ताक्षर गर्न लगाउँछन् ।

धितो र कमिसनका पछाडि दौडिएका बैंकका कर्मचारी र दलालीले जनतालाई सोत्तर बनाउने भए । घर न घाटको बनाउँछन् यिनीहरुले । कर्जा लिने बेलामा मञ्जुरीपत्रमासमेत ल्याप्चे लगाउन र हस्ताक्षर गर्न लगाउँछन् । तीन किस्ता नतिरेपछि मेरो जायजेथा लिलाम गर्दा पनि मेरो मञ्जुरी छ भनेर उक्त पत्रमा लेखिएको हुन्छ । त्यस्तै, भोलि जेथा लिलाम भएपछि म कहीं पनि उजुरी गर्दैन भनेर पहिले नै सम्झौता गरिसकेका हुन्छन् । दलालीहरुको ठूलठूला व्यक्तिसँग साँठगाँठ हुन्छ ।

बैंकका कर्मचारी र अध्यक्षलाई यिनीहरुले चिनिराखेका हुन्छन् । घर आउनेजाने र भेट्ने क्रम त स्वाभाविकै हो । यी कागजात कि दलालीले होटलमा बोलाएर दिन्छन् कि घरमै पुगेर । बैंकका सञ्चालकलाई समेत यिनीहरुले विभिन्न प्रलोभन देखाउँछन् । ‘जग्गा रुमालजस्तो छ, तुरुन्त बिक्री हुन्छ । दुई करोडको धितो छ । एक करोड कर्जा दिँदा पनि केही फरक पर्दैन । तीन किस्ता नतिरेपछि जग्गा लिलामको प्रक्रिया अघि बढाउनुपर्छ । हामी नै जग्गा बिक्री गरिदिन्छौं । भोलि आएको कमिसन पनि आधाआधा बाँडौला,’ दलालीले बैंकका सञ्चालकलाई समेत यही भन्ने गरेका छन् ।

सोझा जनताले त दलाली चिनेका हुँदैनन् । तर, बैंकका कर्मचारीहरुले नै दलालीसँग सम्पर्क गराइदिन्छन् । हामीले कर्जा दिन नसक्ने तर अर्को व्यक्तिले दिन सक्छन् भन्दै कर्जा मिलाइदिनेको सम्पर्क नम्बर र नाम दिन्छन् । यसरी बैंक फाइनान्सका सञ्चालक वा दलालीहरुले आफ्नो फाइदाका लागि सोझा जनतालाई फसाएर उनीहरुलाई सडक छाप बनाइरहेका छन् । यो क्रम बेलैमा सरकारले रोक्न सकेन भने यहाँ धेरै सुकुम्बासी हुन्छन् । सरकारले यसमा तत्काल ‘एक्सन’ लिन जरुरी छ ।

*– अमृता थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# गण्डकी प्रदेशसभाका ज्येष्ठ सदस्यले लिए शपथ

**गण्डकी (प्रस)**– गण्डकी प्रदेशसभाका ज्येष्ठ सदस्य मित्रलाल बस्यालले पद तथा गोपनीयताको शपथ लिएका छन् । उनले बुधबार प्रदेश प्रमुख पृथ्वीमान गुरुङबाट शपथ लिएका हुन् । प्रदेश प्रमुखको सरकारी निवासमा आयोजित समारोहमा उनले शपथ लिएका हुन् ।

बस्याल पर्वतको प्रदेशसभा (ख) बाट नेकपा एमालेका तर्फबाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए । उनको जन्म २०१४ भदौ ५ गते पर्वतमा भएको हो ।

संवैधानिक व्यवस्थाअनुसार प्रदेश प्रमुखले प्रदेशसभा सदस्यका ज्येष्ठ सदस्यलाई र ज्येष्ठ सदस्यले अन्य सदस्यलाई शपथ गराउने प्रावधान छ । ज्येष्ठ सदस्य बस्यालले बिहीबार अन्य सदस्यलाई शपथ गराउने कार्यक्रम छ ।

शपथ ग्रहण समारोहमा गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, मन्त्री, नवनिर्वाचित प्रदेशसभा सदस्य, सरकारी उच्चपदस्थ अधिकारी र सञ्चारकर्मीको उपस्थिति थियो ।

# रामसहायप्रसाद बने जसपा संसदीय दलको नेता

**काठमाडौं (प्रस)**– जनता समाजवादी पार्टी (जसपा) नेपालको संसदीय दलको नेतामा रामसहायप्रसाद यादव निर्विरोध निर्वाचित भएका छन् ।

संसदीय दलको नेतामा यादव निर्विरोध निर्वाचित भएका जसपाका प्रवक्ता मनिस सुमनले जानकारी दिए । संसदीय दलको नेता चयनका लागि यादवको मात्र मनोनयन दर्ता भएकाले निर्वाचन समितिले यादवलाई नै दलको नेतामा निर्विरोध निर्वाचित घोषणा गरेको हो ।

यादव बारा निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचित सांसद हुन् । जसपाको संसदीय दलको नेतामा संघीय परिषद् अध्यक्ष अशोक राईसहित सांसदद्वय राजकिशोर यादव र नवलकिशोर साहले पनि दाबी गर्दै आएका थिए । तर, दलको नेता चयनका लागि दुवै नेताले उम्मेदवारी दिएनन् ।

प्रतिनिधिसभामा जसपाका १२ जना सांसद छन् । जसपाले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई समर्थन गरेको छ ।

# लुम्बिनी प्रदेशसभा सदस्यको शपथ १६ पुसमा

**रुपन्देही (प्रस)**– लुम्बिनी प्रदेशसभामा नवनिर्वाचित सांसदहरुको शपथ यही पुस १६ गते हुने भएको छ । लुम्बिनी प्रदेश सरकारले प्रदेशसभाका सदस्यलाई उक्त दिन शपथ गराउन प्रदेश प्रमुखलाई सिफारिस गरेको हो ।

प्रदेश सरकारको बुधबार बसेको मन्त्रिपरिषद् बैठकले लुम्बिनी प्रदेशसभाका सदस्यलाई शपथ गराउन सरकारका तर्फबाट प्रदेश प्रमुख अमिक शेरचनलाई सिफारिस गर्ने निर्णय गरेको थियो । मुख्यमन्त्री कुलप्रसाद केसीको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेश अधिवेशन पुस १८ गते बोलाउने निर्णयसमेत गरेको सरकारका प्रवक्ता एवं आन्तरिक मामिला, कानुन तथा सञ्चारमन्त्री तिलकराम शर्माले बताए ।

लुम्बिनी प्रदेशका प्रदेशसभा सदस्यलाई दाङको देउखुरीमा रहेको प्रदेशसभाको भवनमा शपथ गराउने तयारी गरिएको छ ।

## ज्येष्ठ सदस्य ढुंगानाले लिए शपथ

**बागमती (प्रस)**– बागमती प्रदेशसभाका ज्येष्ठ सदस्य रामप्रसाद ढुंगानाले पद तथा गोपनीयताको शपथ लिएका छन् । बागमती प्रदेशसभाका ११० सदस्यमध्ये ज्येष्ठ सदस्यका आधारमा उनलाई प्रदेश प्रमुख यादवचन्द्र शर्माले शुधबार प्रदेश प्रमुखको कार्यालयमा शपथ गराएका हुन् । ढुंगाना नेकपा माओवादी केन्द्रका तर्फबाट नुवाकोट निर्वाचन क्षेत्र २ (१) बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका हुन् ।

निर्वाचन आयोगले प्रदेशसभा सचिवालय र प्रदेश प्रमुख कार्यालयलाई उपलब्ध गराएको विवरणअनुसार उनको जन्म २००६ साल असोज २ गते भएको हो । संवैधानिक व्यवस्थाअनुसार प्रदेशसभामा सभामुख र उपसभामुख निर्वाचित नहुँदासम्म ज्येष्ठ सदस्यका रूपमा ढुंगानाले सभाको अध्यक्षता गर्ने छन् ।

प्रदेशसभामा निर्वाचित बाँकी प्रदेशसभा सदस्यको शपथ ग्रहणको कार्यक्रम आज बिहीबार दिउँसो २ बजे प्रदेशसभा सचिवालय हेटौंडामा राखिएको छ । बाँकी सदस्यलाई ज्येष्ठ सदस्य ढुंगानाले शपथ गराउने छन् ।

यसैबीच बागमती प्रदेशसभाको बैठक यही पुस १८ गते बस्ने भएको छ । बागमती प्रदेशको मन्त्रिपरिषद् बैठकले उक्त दिनका लागि प्रदेशसभा बैठक आह्वान गर्न प्रदेश प्रमुखलाई सिफारिस गरेको हो ।


# कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIA CO. FOR DELIVERY OF CONSUMER ORDERS

पुर्व स्वीकृति मिति २०७९/०९/१३ LT. No. 278462 चलानी नं. ६०१९३९४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bike Driver | 3 | 0 | 140 | ६०,६५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mattress | 1 | 0 | 100 | ४३,३२५ | | | | | | | |
| 3 | Reporter | 1 | 0 | 140 | ६०,६५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २१ गते (5th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Licence No.: 1312/074/75 National Exports Manpower Consultant Pvt. Ltd.

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com



# युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAZA GENERAL MAINTENANCE

पूर्व स्वीकृति मिति २०७९/०८/२१ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/१३ LT No.277332 चलानी नं.६०१९२८९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fabricator | 5 | 0 | 1100 | ३९,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FINE TASTE TRADING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०८/२० पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/१३ LT No.277288 चलानी नं.६०१९२८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labour | 10 | 0 | 1000 | ३५,३१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Light Car Driver | 3 | 0 | 1500 | ५२,९७० | | | | | | | |

कम्पनी : WE ZOUJAJ FOR INDUSTRIAL CO. SINGLE PERSON CO.

पूर्व स्वीकृति मिति २०७९/०७/२४ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/१३ LT. No. 275459 चलानी नं. ६०१९२२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Glass Fixer | 3 | 0 | 1500 | ५२,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HARAKA ETQAN FOR TRADE CO.

पूर्व स्वीकृति मिति २०७९/०८/०६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/१३ LT. No. 275988 चलानी नं. ६०१९१७३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 9 | 0 | 1300 | ४५,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २१ गते (5th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251, 9801354109
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


# इटहरी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**प्रदेश नं.१**

**सुनसरी, नेपाल**

## शीतलहरबाट बच्ने सम्बन्धमा नगरबासीहरूमा जारी गरिएको अत्यन्त जरूरी सूचना

- न्यानो लुगाको प्रयोग गरौ ।
- तातो र झोलिलो खानेकुरा खाने गरौं ।
- चिसो कपडा प्रयोग नगरौ ।
- चिसो तथा खुला स्थानमा लामो समय सम्म नबसौं ।
- हिडडुल गरिरहने र सक्रिय भइरहने ।
- बन्द कोठामा आगो र कोइला नबालौं ।
- बालबालिका तथा बृद्ध बृद्धाको विशेष हेरचाह गरौं ।
- विधुतिय उपकरणहरूको प्रयोग गर्दा सावधानी अपनाऔं ।
- बिरामी परेमा तुरुन्तै स्वास्थ्य संस्थामा जाऔं ।
- शीतलहरबाट बच्ने भ्रममा जाँड रक्सी तथा सुर्तिजन्य पदार्थ सुर्ति, चुरोट सेवन नगरौ । शीतलहरको समयमा सधैं न्यानो कपडा लगाऔं ।
- बिना कारण शीतलहरको समयमा घर बाहिर र खुल्ला स्थानमा धेरै समय नबसौं ।
- सुत्ने समयमा न्यानो कपडाहरु- सिरक, कम्बलले टाउको, छाती छोपी न्यानो हुने गरी सुतौं । खाली भुइमा नसुतौं खाट पलङ्को प्रयोग गरौं ।
- पर्याप्त अक्सीजनको प्रवाह हुने गरी सुत्ने कोठा न्यानो पारी सुतौं ।
- शीतलहरको समयमा भित्र र बाहिर आगो तापी तर आगलागि हुन नदिने तर्फ सतर्कता अपनाऔं ।
- खाने कुराको पर्याप्त व्यवस्था गरी, गेडागुडी र झोलिलो पदार्थको सेवन गरौं ।
- शीतलहरको समयमा गर्भवती तथा प्रसुती महिला, अशक्त र ज्येष्ठ नागरिक तथा बाल बालिकाको हीतप्रति सचेत बनौं । शीतलहरको प्रभाव र प्रकोप देखा पर्ना साथ नजिकको स्वास्थ्य चौकीमा सम्पर्क गरौं । विपद् आउने नदिने तर्फ सजग बनौं ।
- शीतलहरबाट आफू पनि बचौ अरुलाई पनि बचाऔं ।


# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARELLI AUTOMOTIVE LIGHTING MALAYSIA SDN BHD

पूर्व स्वीकृति मिति: २०७९/०५/३१ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०९/१३ चलानी नं. ६०१८७८१४ LT. No.272131

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 3 | 0 | 1500 | ४४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २१ गते (5th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.**
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal
Tel: +977-01-4489384, 4589384 Mob.9851086131
E-mail : saugatemployment1221@gmail.com
श्रम ईजाजत नं. १२२१/०७४/०७५



# फ्रि भिषा !! फ्रि टिकट !!
# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FREIGHTWATCH G PATOMOTOH SECURITY SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०७/१७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/१३ LT. No. 274712 चलानी नं. ६०१९०४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 300 | 0 | 1500 | ४४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : C.E. BRUSH MANUFACTURING SB

पूर्व स्वीकृति मिति २०७९/०५/१४ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/१३ LT. No. 270567 चलानी नं. ६०१८६३७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 30 | 0 | 1500 | ४४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PENANG AUTOMATION CLUSTER SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/२६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/१३ LT. No. 269289 चलानी नं. ६०१८५१९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 80 | 0 | 1500 | ४४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २१ गते (5th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**
श्रम ईजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KEY FACILITIES MANAGEMENT INTERNATIONAL SAUDI AREBIA

पूर्व स्वीकृति मिति : २०७८/११/१३ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/१३ LT. No. 258483 चलानी नं.६०१७७३३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 10 | 0 | 1000 | ३५,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : UTILITY NETWORK SOLUTIONS CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०८/१३ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/१३ LT. No. 276794 चलानी नं. ६०१९२३३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 5 | 0 | 1000 | ३५,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २५ गते (9th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



# जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WOODLAND KOBE BUSINESS COOPERATIVE

पुर्व स्वीकृति मिति २०७९/०९/०८ LT. No. 278051 चलानी नं. ६०१९३९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 4 | 2 | 198,000 | १,९६,४५५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २१ गते (5th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव**:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू**:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

Govt. Lic. No. 816/065/066

**IMPERIAL OVERSEAS PVT. LTD.**
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530,Fax : +977-1-4485522,
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

# प्रभाव दैनिक





## 'ओ जाम हिन...' मा शिशिर र उषाको रोमान्स

लोकप्रिय गायक तथा गीतकार कुशल बेलबासे र गायिका देबी घर्ती मगरको स्वर रहेको लोकदोहोरी गीत 'ओ जाम हिन...' रिलिज भएको छ। कुशल बेलबासेको शब्द संगीतमा रहेको उक्त गीतमा विश्वास नेपालको संगीत संयोजन छ। गीतको भिडियोमा सुनिल क्षेत्रीले निर्देशन गरेका हुन्। भिडियोमा शिशिर पौडेल र उषा उप्रेतीको अभिनय देख्न सकिन्छ। अजय रेग्मीको छायांकनमा रहेको भिडिओलाई अमृत चापागाईँले सम्पादन गरेका हुन्।




बिहीबार, १४ पुस २०७९ (Thursday, December 29, 2022)


# तिमी सागरको म्युजिक भिडियो सार्वजनिक

■ प्रभाव संवाददाता



टेक तामाङ

**काठमाडौं–** गीतकार टेक तामाङको 'तिमी सागर' बोलको गीत म्युजिक भिडियोसहित सार्वजनिक भएको छ। उक्त म्युजिक भिडियो गीतकार तामाङको अफिसियल युटचुब च्यानलमार्फत सार्वजनिक गरिएको हो। गीतमा कन्काइस्ट राईको संगीत, रामकृष्ण ढकाल र मेलिना राईको स्वर, साहस शाक्यको संगीत संयोजन रहेको छ।

गीतमा जलचक्रको माध्यमबाट हिमाल र सागरको अनवरत मिलन भएजस्तै प्रेम एक अनुभूति हो, जसलाई भौगोलिक दूरीले त्यति फरक पार्दैन भन्ने भाव प्रस्तुत गरिएको छ। गीतमा हिमालको रूपमा प्रेमी र सागरको रूपमा प्रेमिकालाई चित्रण गरिएको छ। नदी र बादलको माध्यमबाट हिमाल र सागरको मिलन भएजस्तै दुई प्रेमीबीचको हिमाल र सागरको विम्बात्मक मिलनलाई यौनिक प्रतीकात्मक मिलनको रूपमासमेत लिन सकिन्छ।

गीतकार तामाङको यसअघि नजिक भएर पनि तिमीलाई माया गर्छु, आमा, जीवनसाथी, माया गरेर हेर, मै खुकुरी अघिसरीलगायत आधुनिक, राष्ट्रिय र सेलो गरी ४५० भन्दा बढी गीत रेकर्डिङ र प्रकाशन भइसकेका छन्। तामाङ नेपाल प्रहरीको डिआइजी पदमा कार्यरत छन्।

एभरेस्ट ग्यालरीको ब्यानरमा बनेको म्युजिक भिडियोमा सनम कठायत र ऋचा थापाले अभिनय गरेका छन्। दीपक गिरीले छायांकन, विकास दाहालले भिडियो सम्पादन र जनक सिंहले निर्देशन गरेका हुन्।

## रंगशाला

# विराटनगर र लुम्बिनी विजयी




■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी नेपाल टी-ट्वान्टी लिगको बुधबारको खेलमा विराटनगर किंग्स र लुम्बिनी अल स्टारले आ-आफ्ना खेलमा जित हात पारेका छन्।

बुधबार सम्पन्न खेलमा विराटनगर किंग्सले पोखरा एभेन्जर्सलाई पराजित गरि प्रतियोगितामा पहिलो जित हात पारेको छ। लगातार चौथो खेलमा हार व्यहोर्ने क्रममा पोखरा ६ विकेटले पराजित भएको हो।

प्राविधिक कारण खेल १९ ओभरमा छोट्याईएको खेलमा जितका लागि १ सय ४० रनको लक्ष्य पाएको विराटनगरले १७.४ ओभरमा ६ विकेट गुमाएर भेट्यो।

विराटनगरका लागि हुसेन तलतले ३० बलमा ४ चौका र १ छक्काको सहयोगमा अविजित ५० रनको अर्धशतकीय ईनिङ खेले। अर्जुन साउद २५ रनमा आउट भए। कप्तान आन्द्रे म्याकार्थीले २१ तथा पृथु बाँस्कोटाले १५ रन बनाए।

पोखराका लागि कुशल मल्ल र शरद भेषवाकरले समान २/२ विकेट लिए। त्यसअघि पहिले ब्याटिङ गरेको पोखराले १९ ओभरमा ७ विकेट गुमाएर १ सय ३९ रन बनाएको हो। पोखराका लागि कुशल मल्लले १८ बलमा ३ चौका र ३ छक्काको सहयोगमा ३७ तथा सिद्धान्त लोहनीले ३ छक्काको सहयोगमा १९ बलमा २६ रन बनाए।

कप्तान उपुल थरंगा १९ रनमा आउट हुँदा आसिफ शेखले १० रन बनाए। प्रतिश जिशीले अविजित ११ तथा शरद भेषवाकरले अविजित ९ रन बनाए।

विराटनगरका लागि हुसेन तलत र राज नाननले समान २/२ तथा नन्दन यादव,साहब आलम र कप्तान आन्द्र म्याकार्थीले समान १/१ विकेट लिए।

पहिलो जित हात पारेको विराटनगर तीन खेलमा २ अंकका साथ चौथो स्थानमा उक्लिएको छ। लगातार चौथो हार व्यहोरेको पोखरा अंकबिहिन रहेर अंक तालिकाको पुछारमा रहेको छ।

त्यस्तै पहिलो खेलमा लुम्बिनी अल स्टारले नेपाल टी-ट्वान्टी लिगमा फार वेस्ट युनाईटेडलाई सुपर ओभरमा पराजित गरेको छ। त्रिभुवन विश्वविदालयको मैदानमा फार वेस्टले दिएको १ सय ३८ रनको लक्ष्यसहित जवाफी ब्याटिङ गरेको लुम्बिनीले २० ओभरमा ९ विकेट गुमाएर १ सय ३७ रन बनाए पछि खेल सुपर ओभरमा गएको थियो।

सुपर ओभरमा लुम्बिनी अल स्टारले पहिले ब्याटिङ गरेको थियो। लुम्बिनीका लागि लाहिरु मिलन्था र शाड्ली भान शाल्बिक ब्याटिङमा आएकामा फार वेस्टका लागि करण केसी बलिङमा आएका थिए।

पहिलो दुई बल डट दिएकामा लाहिरु मिलान्थाले तेस्रो र चौथो बलमा दुई छक्का लगातार प्रहार गरे। पाँचौ बलमा मिलान्थाले तीन रन लिए। अन्तिम बलमा शाड्लीको नाममा तीन रन रह्यो। फार वेस्टले २० रनको लक्ष्य पायो।

फार वेस्टका लागि हजमतुल्लाह शाहिदी र विनोद भण्डारी ब्याटिङमा आए। लुम्बिनीले बलिङमा किशोर महतोको प्रयोग गर्‍यो। पहिलो बलमा शाहिदीले छक्का प्रहार गरे। दोस्रो बलमा उनले कुनै रन बनाउँन सकेनन्। तेस्रो बलमा उनले १ रन लिए। स्ट्राईकमा विनोद भण्डारी आए। चौथो बलमा १ रन लिए। पाँचौ बलमा शाहिदीले १ तथा अन्तिम बलमा भण्डारीले १ रन लिए। प्रतियोगिताको पहिलो सुपर ओभर लुम्बिनीले ९ रनले जित्यो।

जित सँगै लुम्बिनी ४ खेलमा जितका साथ अंक सहित पहिलो स्थानमा कायमै रहेको छ। हारसँगै फर वेस्ट अंकका साथ चौथो स्थानमा कायमै रहेको छ। फार वेस्ट यसै संस्करणको पहिलो भेटमा पनि लुम्बिनीसँगको खेलमा पराजित भएको थियो।

डबल राउण्डमा हुने यस लिगमा ३४ खेल हुनेछ। यस लिगको विजेताले ५५ लाख पाउने छ। यस्तै उपविजेताले ३० लाख नगद पुरस्कार प्राप्त गर्दा तेस्रो हुनले १० लाख र चौंथोले ५ लाख पाउने छ।

त्यस्तै प्लेयर अफ द सिरिजले ५ लाख प्राप्त गर्दा उत्कृष्ट बलर र उत्कृष्ट ब्याटरले २ लाख ५० हजार पाउने छन्।

इमर्जिङ प्लेयरले १ लाख ८० हजार पाउने छ। प्रतियोगिताको हरेक दिन दुई खेल हुनेछ। पहिलो संस्करणको लिगमा ६ टोलीको सहभागिता रहको छ।

लिगमा काठमाडौं नाईट्स,फार वेस्ट युनाईटेड,लुम्बिनी अल स्टार,पोखरा एभेन्जर्स,विराटनगर सुपर किंग्स र जनकपुर रोयल्स सहभागी रहेका छन्।

---

## भीमदत्त नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

### नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः२०७९।०८।२६)**

**(दोश्रो पटक प्रकाशित मितिः२०७९।०९।१४)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ को उपदफा १ (च) र यस भीमदत्त नगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा १४ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरु वाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन्गरी दोधारा चादनी नगरपालिकाले तोकेको दरमा बिक्री गर्नेगरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकता को प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सार्वजनिक खरिद अनुगमन कार्यालयको एकल बिद्युतिय खरिद प्रणाली www.bolpatra.gov.np/egpII को माद्यमबाट विद्युतीय प्रति दर्ता गरि बोलपत्र प्रकृयामा सहभागी हुन बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खन्न गर्ने मिल्ने परिमाण (ढुंगा, गिट्टी, बालुवा तथा ग्राभेल ) घ.मी. | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | बोलपत्र दस्तुर (रु.) | बोलपत्र जमानत रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | 14/IR/2079/080 | भीमदत्त नगरपालिका वडा नं. १ रौटेला खोलाको प्राकृतिक स्रोत नदि जन्य पदार्थको ( ढुंगा, गिट्टी, वालुवा तथा ग्राभेल) रोयल्टी उठाउने | ३५,८२३.६० घ मि | ३७,९५,८६८।६५ | ३,००० | कवोल अंकको ५% | २०७९।०९।२१ १२:०० बजे | २०७९/०९।२१ १३:०० बजे |
| २ | 15/IR/2079/080 | वडा नं. ३ खन्या खोलाको प्राकृतिक स्रोत नदि जन्य पदार्थको ( ढुंगा, गिट्टी, वालुवा तथा ग्राभेल) रोयल्टी उठाउने | ७३,६१८.८४ घ मि | ७८,००,६५२।२८ | ३,००० | कवोल अंकको ५% | २०७९।०९।२१ १२:०० बजे | २०७९।०९।२१ १३:०० बजे |
| ३ | 16/IR/2079/080 | वडा नं. ९ भीमरी गाड खोलाको प्राकृतिक स्रोत नदि जन्य पदार्थको ( ढुंगा, गिट्टी, वालुवा तथा ग्राभेल) रोयल्टी उठाउने | ३१,३२३.४६ | ३३,१९०३३।८६ | ३,००० | कवोल अंकको ५% | २०७९।०९।२१ १२:०० बजे | २०७९।०९।२१ १३:०० बजे |

**शर्तहरुः**

» सार्वजनिक खरिद अनुगमन कार्यालयको एकल बिद्युतिय खरिद प्रणाली www.bolpatra.gov.np/egpII बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा पेश गर्न सक्ने व्यवस्था गरिएको छ।

» बोलपत्र पेश गर्दा तोकिएको बोलपत्र फाराम दस्तुर बापत यस भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा एन.एम.बि. बैंक, महेन्द्रनगरमा रहेको हिसाब नं. ०९८०१३३८९४५०००११ मा नगद जम्मा गरेको नगद भौचर, धरौटी (बिडबण्ड) बोलपत्र सम्बन्धी कागजात साथ scan गरी संलग्न गर्नुपर्नेछ।

» बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै पछि को कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

» बोलपत्र सम्बन्धी फाराम भर्दाक बोल रकम अक्षर र अंक मा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरकपरेमा अक्षरलाई मान्यता दिईने छ।

» बोलपत्र जमानत रकम यस भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, महेन्द्रनगरमा रहेको हिसाब नं. ४१८०१००३०३००००२ धरौटी जम्मा भएको वा वाणिज्य बैंकले जारी गरेको सो रकम बराबरको १२० दिन म्याद भएको बोलपत्र जमानत बोलपत्र साथ संलग्न राखि यस कार्यालयको नाममा बोलपत्रनं. रनाम उल्लेख गरी १२० दिनको म्याद सहित जारीगरिएकोहुनु पर्नेछ।

» बोलपत्र फारामहरु मा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी फर्म को नाम, ठेगाना, काम को विवरण, बोलपत्र विवरण प्रोपराइटर को नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छापलगाई बोलपत्र पेश गर्ने अन्तिम मिति भित्र यस कार्यालयमा विद्युतीय प्रतिदर्ता गर्नु पर्नेछ।

» एक फर्म वा संस्थाको नाममा खरिदगरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नाम बाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्नआएका बोलपत्रसम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन को १३ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरु को रोहबर मा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समय मा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

» बोलपत्रसम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिका बाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्यादनाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

» बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई मु अ. कर सहितको कबोल अंकको प्रथम किस्ता बापत ५०% प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। पछिल्ला किस्ता बापत ५०% प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंक बाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८० साल श्रावण मसान्त सम्म म्याद सहित जारीगरिएको बैंकग्यारेन्टी (परफरमेन्सबन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ।

» तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दो वस्त गरिनेछ। यस नगरपालिका वा नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन्क्षेत्र र उत्खनन्परीमाण का सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालय बाट गरिए को वातावरणी यअध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# सन् २०२३ मा विश्व अर्थतन्त्र निराशाबाट गुज्रँदै

■ जीन-फिलिप लाकोर, अली बेख्ताओई र म्याथिल्डे डुमाजेट

**प्यारिस–** कोभिड-१९ को महामारीपछि विश्व अर्थतन्त्रका लागि सन् २०२२ पुनरागमनको वर्ष हुने अपेक्षा गरिएको थियो तर त्यसो भएन । बरु नयाँ युद्ध, उच्च मुद्रास्फीति र जलवायुसँग सम्बन्धित विपत्ति थपिए ।

कोलम्बिया विश्वविद्यालयका प्राध्यापक तथा इतिहासकार एडम टुजले यो वर्षको संकटलाई एक 'पोलिक्राइसिस'का रूपमा वर्णन गरेका छन् । सन् २०२३ मा थप निराशाका लागि तयार हुनुपर्ने आर्थिक विश्लेषकहरूले बताएका छन् ।

युनिभर्सिटी अफ एम्स्टर्डमका म्याक्रोइकोनोमिक्सका प्राध्यापक रोएल बीट्स्माले भने, 'शताब्दीको सुरुदेखि नै संकटको दायरा बढेको छ । दोस्रो विश्वयुद्धपछि हामीले यस्तो जटिल अवस्था कहिल्यै देखेका थिएनौं,' उनले एएफपीसँग भने ।

सन् २०२० को कोभिड-१९ का कारण उत्पन्न आर्थिक संकटपछि सन् २०२१ मा देशहरू लकडाउन र अन्य प्रतिबन्धबाट मुक्त भए । उपभोक्ता मूल्यवृद्धि हुन थाल्यो । केन्द्रीय बैंकरहरूले अर्थतन्त्र सामान्य अवस्थामा फर्केपछि उच्च मुद्रास्फीति अस्थायी मात्र हुने बताएका थिए । तर, फेब्रुअरीको अन्त्यमा रूसले युक्रेनमाथि गरेको आक्रमणले ऊर्जा र खाद्यान्नको मूल्य बढेको थियो ।

धेरै देशहरू अहिले जीवनयापनको लागतको संकटसँग जुधिरहेका छन् । ज्यालाले मुद्रास्फीतिलाई कायम राख्न सकेको छैन, जसले गर्दा घरपरिवारहरू आफ्नो खर्चमा कठिन छनोट गर्न बाध्य छन् ।

केन्द्रीय बैंकहरूले छिटोछिटो ब्याजदर परिवर्तन र बैंकका नीति हेरफेर गरिरहेका छन् । उच्च ऋण लागतको अर्थ आर्थिक गतिविधि सुस्त हुनु हो भन्ने कारण देशहरूलाई गहिरो मन्दीमा धकेल्ने जोखिमका बीच उनीहरूले सन् २०२२ मा बढ्दो मुद्रास्फीतिलाई नियन्त्रण गर्ने प्रयासमा ब्याजदर बढाउन थाले ।

संयुक्त राज्य अमेरिका र युरो क्षेत्रमा मुद्रास्फीति अन्ततः कम हुन थालेको छ ।

### सावधानीपूर्वक खर्च

विकसित र उदीयमान राष्ट्रहरूको समूह (जी-ट्वेन्टी) मा उपभोक्ता मूल्य चौथो त्रैमासिकमा आठ प्रतिशत पुग्ने र अर्को वर्ष ५.५ प्रतिशतमा झर्ने अनुमान जी-ट्वेन्टीको आर्थिक सहयोग र विकासमामिला संगठन (ओइसिडी)ले जनाएको छ । ओइसिडीले सरकारहरूलाई घरपरिवारमा राहत ल्याउन सहायता प्रदान गर्न प्रोत्साहित गरिरहेको छ ।

ब्रुगेल थिंक टयांकका अनुसार २७ राष्ट्र सम्मिलित युरोपेली संघ (इयूमा)मा उपभोक्तालाई उच्च ऊर्जा मूल्यबाट जोगाउन अहिलेसम्म ६७४ अर्ब युरो (करिब ७०४ अर्ब अमेरिकी डलर) छुटयाइएको छ । युरोपको सबैभन्दा ठूलो अर्थतन्त्र र रूसको ऊर्जा आपूर्तिमा सबैभन्दा बढी निर्भर जर्मनीले कूल २६४ अर्ब युरो ओगटेको छ ।

अर्न्स्ट एण्ड योङ ग्लोबल लिमिटेड (इवाई) नामक कन्सल्टेन्सीले गरेको एक सर्वेक्षणअनुसार दुईमध्ये एक जना जर्मनले अहिले अत्यावश्यक वस्तुमा मात्र खर्च गर्ने गरेको बताएका छन् । बढ्दो ब्याजदरले उपभोक्ता र व्यवसायलाई समेत असर गरेको छ ।

अमेरिकी फेडरल रिजर्भ र युरोपियन सेन्ट्रल बैंक दुवैले डिसेम्बरमा आफ्नो दर वृद्धिको गतिलाई सुस्त बनाउन थालेका छन् । तर, उनीहरूले मुद्रास्फीतिमा पकड प्राप्त गर्न अझै उच्च जान आवश्यक रहेको संकेत दिएका छन् ।

अर्थशास्त्रीहरूले जर्मनी र युरोजोनको अर्को ठूलो अर्थतन्त्र इटाली मन्दीको चपेटामा पर्ने अनुमान गरेका छन् । बेलायतको अर्थतन्त्र खुम्चिँदै गएको छ । रेटिङ एजेन्सी एस एण्ड पी ग्लोबलले सन् २०२३ मा युरो क्षेत्रमा स्थिरता आउने प्रक्षेपण गरेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले भने सन् २०२३ मा विश्व अर्थतन्त्र २.७ प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ । ओइसिडीले २.२ प्रतिशतको आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको छ ।

चीनमा कोभिड-१९ नियन्त्रणका प्रतिबन्धहरू खुकुलो पारिनुले विश्वको दोस्रो ठूलो अर्थतन्त्र र विश्वव्यापी वृद्धिको प्रमुख चालकको पुनरुत्थानको आशा जगाएको छ । यी प्रतिबन्धहरूले चीनको अर्थतन्त्रलाई तहसनहस पारेको थियो र देशव्यापी विरोध प्रदर्शनहरू निम्तिएका थिए । चीनले यसै हप्ता जनवरी ८ देखि विदेशी नागरिकका लागि कोभिड-१९ सँग सम्बन्धित 'क्वारेण्टिन' अन्त्य गर्ने घोषणा गर्दै विश्वका पर्यटकका लागि चीनलाई खुला गर्ने संकेत दिएको थियो ।

### जलवायु लागत

अर्थशास्त्री बीट्स्माको विचारमा अहिलेको विश्वको सबैभन्दा ठूलो संकट जलवायु परिवर्तन हो, जुन 'सुस्त गतिमा' तर निरन्तर चलिरहेको छ । प्राकृतिक तथा मानव सिर्जित विपत्तिका कारण सन् २०२२ मा हालसम्म २६८ अर्ब अमेरिकी डलर बराबरको आर्थिक क्षति भएको पुनर्बिमा कम्पनी स्वीस रि हरिकेन इयानले मात्र ५० देखि ६५ अर्ब अमेरिकी डलर बराबरको अनुमानित क्षति व्यहोरेको छ । पाकिस्तानमा आएको बाढीका कारण यस वर्ष ३० अर्ब अमेरिकी डलरको आर्थिक क्षति तथा व्यापक मानवीय क्षति भएको छ ।

गत नोभेम्बरमा इजिप्टमा भएको संयुक्त राष्ट्रसंघीय जलवायु वार्ता (कोप-२७) मा सरकारहरूले प्राकृतिक प्रकोपबाट तहसनहस भएका कमजोर विकासशील देशहरूले व्यहोर्नुपरेको क्षतिलाई पूर्ति गर्न कोष खडा गर्न सहमत भए पनि हरितगृह ग्यास उत्सर्जन घटाउन र विश्वव्यापी तापमान वृद्धिलाई कम गर्न आवश्यक भएता पनि जीवाश्म इन्धनको प्रयोगलाई चरणबद्धरूपमा अन्त्य गर्ने नयाँ प्रतिबद्धताविना कोप-२७ शिखर सम्मेलन समाप्त भएको थियो ।

'यो गम्भीर संकट होइन, तर दीर्घकालीन संकट हो,' बीट्स्माले थपे, 'यदि हामीले पर्याप्त काम गर्न सकेनौं भने यसले हामीलाई अभूतपूर्व स्तरमा प्रहार गर्नेछ ।'

*रासस/एएफपी*

---

## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!

## शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!**

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

**कम्पनी : KAIFA TECHNOLOGY MALAYSIA SDN. BHD.**

Pre Approval Date : 2022-10-04 | Post Approval Date : 2022-12-28 | LT. No. 272932 | Invoice No. 60188671
पूर्व स्वीकृति मिति : २०७९/०६/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/१३ | एल टि न. २७२९३२ | चलानी नं. ६०१८८६७१

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिंगिट MYR | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 40 | 35 | साधारण | 1500 | ४४,९६५ | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।**
**Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
DOTI OVERSEAS PVT.LTD does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Final Interview will be conducted on 5th Jan, 2023 in office premisees.**
**फाइनल अन्तर्वार्ता मिति २०७९ पौष २१ गते कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np

---

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
दिपायल, डोटी

## वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९।०९।१४**

यस निर्देशनालयको चालु आ.व. २०७९।०८० को स्वीकृत वार्षिक धनगढी दुग्ध वितरण आयोजना अत्तरिया कैलालीको दुध तथा दुग्ध पदार्थहरुको प्रशोधन कार्यका लागि डेरी उपकरणहरु खरिद गरि हस्तान्त्रण गर्ने (Homogenizer 1000ltr.,Creamseparator 1000ltr., Ghee Kettle 300ltr. Ice–Cream Mixture Machine 10 ltr. And Chillin Vat 5000ltr.) (Supply, Deliver and of Dairy Equipment Accessories) कार्यका लागि मिति २०७९।०७।१७ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिका एवं https,/bolpatra.gov.np/egpप्रकासित सूचना अनुसार देहायका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ अनुसार सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Succesful Bidder | Bid Amount NRS (Included vat) | Remarks |
|---|---|---|---|---|
| 1. | DOLFD/ GOODS/ 2079-080/02 | National Refrigerator Udhyog Satungal ward no.11 Chandragiri kathamandu | 55,25,000. NRS. | |

निर्देशक

---

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **A TO Z CAFETERIA**

पूर्व स्वीकृति मिति २०७९/०६/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/१२ | LT. No.272829 | चलानी नं.६०१८८७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 2 | 0 | 1500 | ५४,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 1 | 0 | 1400 | ५१,०४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 272829 मितिः २०७९/०९/१३ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**GANDAKI OVERSEAS CONCERN PVT.LTD.**
श्रम ईजाजत नं. ११५/०५५/०५६
Alok Nagar, Min Bhawan,Kathmandu Nepal
Tel: +977-01-4495749 | Fax: +977-1-4780947 | E mail: gandaki115@gmail.com

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL-ASSAD IRON FACTORY**

पुर्व स्वीकृति मिति २०७९/०९/१२ | LT No :278412 | चलानी नं. ६०१९३८९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Labor | 10 | 0 | 1000 | ३५,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **JAZEERA AMBITIONS FACTORY COMPANY FOR IRON AND METAL INDUSTRIES**

पुर्व स्वीकृति मिति २०७९/०९/१२ | LT No :278411 | चलानी नं. ६०१९३८९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Labor | 8 | 0 | 1000 | ३५,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २१ गते (5th Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Alfarooque Overseas Pvt .Ltd.**
श्रम ईजाजत नं: १२६०/०७४/७५
Basundhara, (Infront of police station), Kathamandu, Nepal
Phone No: 01- 4361373 Mobile : 9843653970, 9846071775
E-mail.: farukkhan650@gmail.com, www.alfarooqueoverseas.com

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KOM TECHNOLOGIES (M) SDN.BHD.**

पूर्व स्वीकृति मिति:२०७९/०७/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/१३ | LT. No. 274046 | चलानी नं. ६०१८९८१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २१ गते (5th Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**आशिर्वाद ओभरसिज प्रा. लि.**
Govt. License 1211/073/074
बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४९८४६३०, ५९०१५८६
फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२
इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MAHRA PETROLEUM CORPORATION FOR GENERAL CONTRACTING**

पूर्व स्वीकृति मिति २०७९/०९/१२ | LT. No. 278333 | चलानी नं. ६०१९३९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६३,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २४ गते (8th Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रू. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

---

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL BATOOL CONTRACTING**

पूर्व स्वीकृति मिति :२०७९/०६/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/१३ | LT. No.272096 | चलानी नं. ६०१८७८३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1100 | ४०,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ceramic Worker | 1 | 0 | 1100 | ४०,१०० | | | | | | | |
| 3 | Labour | 3 | 0 | 1000 | ३६,४५५ | | | | | | | |
| 4 | Painter | 1 | 0 | 1100 | ४०,१०० | | | | | | | |
| 5 | Plaster Worker | 2 | 0 | 1100 | ४०,१०० | | | | | | | |
| 6 | Tile Maker | 1 | 0 | 1100 | ४०,१०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष २१ गते (5th Jan. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रोजगारदाता आफैले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Advance Recruitment Service Pvt. Ltd.** श्रम ईजाजत नं. ४४४/०६०/०६१
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १००७०० | प्रति तोला – १००२०० | प्रति तोला – १३९० |





## ‘अर्थतन्त्र सुधारमा सरकारको ध्यान केन्द्रित’



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मुलुकको अर्थतन्त्रको सुधारमा सरकारको मुख्य ध्यान केन्द्रित भएको बताएका छन्। नेपाल चेम्बर अफ कमर्शका पदाधिकारीसँगको भेटमा उनले अर्थतन्त्रमा पछिल्लो समय देखिएको समस्याबारे आफू जानकार रहेको बताए।

प्रधानमन्त्री दाहालले भने, ‘मुलुकको अर्थतन्त्र जटिल र चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको छ। ब्याजदर वृद्धि, तरलता समस्यालगायत विषयमा सरकार जानकार छ। अर्थतन्त्रलाई कसरी सुधार गर्ने भन्नेमा सम्पूर्ण ध्यान केन्द्रित भएको छ।’

उनले अर्थतन्त्रको वर्तमान चुनौतीलाई अवसरमा बदल्न सरकार प्रतिबद्ध रहेको बताए। प्रधानमन्त्री दाहालले भने, ‘सामूहिक प्रयासबाट अर्थतन्त्रमा देखिएको सङ्कटलाई जोगाउने दायित्व सबैको हो। सार्वजनिक निजी साझेदारीको अवधारणालाई सरकारले प्राथमिकतामा राखेर अघि बढ्नेछ।’

उक्त अवसरमा चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले विद्यमान आर्थिक अवस्थाबारे सरकारको ध्यानाकर्षण गराएका थिए। बैंक तथा वित्तीय संस्थामा उच्च ब्याजदर एवं तरलता अभावका कारण लगानीको वातवरण बन्न नसकेको उनले बताए।

उनले भने, ‘दोहोरो अङ्कको आर्थिक वृद्धि हासिल गर्ने सरकारी लक्ष्य पूरा गर्न एकल अङ्कको ब्याजदर कायम गरिनुपर्दछ। दिगो आर्थिक विकास र स्थायित्वका लागि लगानीको वातावरण बन्न आवश्यक छ।’ चेम्बरले सरकारलाई आठबुँदे सुझावसमेत दिएको छ।

## अन्तर्राष्ट्रिय वायुसेवालाई एक वर्ष सबै शुल्कमा छुट

■ सिबी अधिकारी

**काठमाडौं–** सरकारले पर्यटकीय नगरी पोखरामा नवनिर्मित पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई विभिन्न शुल्कमा शतप्रतिशत छुट दिएको छ। नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का अनुसार नयाँ अन्तर्राष्ट्रिय विमानस्थलमा एयरलाइन्सलाई आकर्षित गर्न एक वर्षसम्म विमानस्थलको सेवा शुल्कमा सतप्रतिशत छुट दिने निर्णय गरिएको हो।

क्यानका प्रवक्ता जगन्नाथ निरौलाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्णयअनुरुप पोखरा विमानस्थल सञ्चालनमा आएको मितिदेखि एक वर्षसम्मका लागि अन्तर्राष्ट्रियतर्फको उडान र अवतरणमा शतप्रतिशत छुट दिने निर्णय भएको जानकारी दिए। उनका अनुसार विमानस्थलमा अवतरण शुल्क, विसन शुल्क, सञ्चार तथा उ•यन शुल्क र सुरक्षा जाँच शुल्कमा शतप्रतिशत छुट दिने निर्णय भएको छ। यस्तो छुट अन्तर्राष्ट्रिय उडान भर्ने स्वदेशी तथा विदेशी एयरलाइन्सले पाउनेछन्।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल यहीबाट पुस १७ गते (सन् २०२३ जनवरी १ तारिख) देखि व्यावसायिक उडान सञ्चालन गर्ने क्यानले घोषणा गरिसकेको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको नवनियुक्त प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले उद्घाटन गर्ने कार्यतालिका रहेको छ। विमानस्थल उद्घाटन बिहान ११ बजे हुने र औपचारिक समारोहपछि विमानस्थलमा अन्य कार्यक्रम पनि सञ्चालन हुने क्यानले जनाएको छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा यही पुस ७ गते निजी क्षेत्रका अग्रणी विमान कम्पनी बुद्ध एयर र यती एयरलायन्सले आफ्नो परीक्षण उडान गरिसकेका छन्। त्यस्तै गुण एयरलाइन्सले पनि परीक्षण उडान गरेको छ।

विमानस्थल सञ्चालनका लागि तयार भएसँगै मुलुकमा अन्तर्राष्ट्रिय विमानस्थलको सङ्ख्या तीन पुगेको छ। पोखरा विमानस्थलमा एरो थाई कम्पनीको जहाजले गत मङ्सिर ५ देखि ११ सम्म एक साता सफलतापूर्वक यान्त्रिक उडान गरेको थियो। यान्त्रिक उडानको प्रतिवेदन सकारात्मक आएसँगै विमानस्थल व्यावसायिक उडानयोग्य भएको हो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको ७१ वर्षपछि मुलुकभित्र दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा रुपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको थियो। त्यसको सात महिनापछि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनयोग्य भएको हो। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख विक्रम गौतमले विमानस्थलमा व्यावसायिक उडान सञ्चालनका लागि सम्पूर्ण तयारी पूरा भएको बताए। विमानस्थल सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन, अध्यागमन, भन्सार, मेडिकल, सुरक्षा व्यवस्थालगायतका सम्पूर्ण तयारी पूरा गरिएको छ।

तीन हजार नौ सय रोपनी क्षेत्रफलमा फैलिएको पोखरा विमानस्थल झण्डै रु २२ अर्ब लागतमा निर्माण भएको छ। विमानस्थलमा दुई हजार पाँच सय मिटर लम्बाइ र ४५ मिटर चौडाइको धावनमार्ग रहेको छ।

उडान सञ्चालनअघि विमानस्थलको पूर्वपट्टि पर्ने रिठ्ठेपानी डाँडा कटानको काम पनि अन्तिम चरणमा पुगेको विमानस्थलले जनाएको छ। पहिलो चरणअन्तर्गत १६ मिटर कटान गरी यान्त्रिक उडान गरिएको थियो। धावनमार्गको ‘अप्रोच’ पर्ने भएकाले ४० मिटर डाँडा काटेर समतल बनाइनेछ।

ठेकेदार कम्पनी उमा एन्ड गाल्भा जेभीसँग वैशाखसम्ममा डाँडा कटान गरिसक्नुपर्ने सम्झौता छ। विमानस्थल सञ्चालनका लागि चुनौतीका रूपमा रहेको ल्यान्डफिल साइटमा मङसिर १८ देखि फोहोर फाल्न बन्द गरिएको छ। विमानस्थल सञ्चालनमा सहजीकरण गरिएको पोखरा महानगरपालिकाले जनाएको छ। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पोखराका लागि गौरवको विषय भएकाले यसलाई सुव्यवस्थितरूपमा सञ्चालन गरिनुपर्नेमा जोड दिए।

पोखरा विमानस्थलले पोखरालाई सिधै विश्व बजारसँग जोड्ने भएकाले यसको विशिष्ट महत्त्व रहेको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताए। उनका अनुसार पोखरामा दैनिक २० हजारभन्दा बढी पर्यटकलाई स्तरीय होटेल तथा आवासको सुविधा दिन सकिन्छ। चार वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७३ वैशाख १ गते शिलान्यास गरेका थिए। निर्माणको जिम्मा चिनियाँ निर्माण कम्पनी सिएमसिईले पाएको थियो। तथ्याङ्कअनुसार काठमाडौं आएका विदेशी पर्यटक मध्ये ४० देखि ४५ प्रतिशत पर्यटक पोखरा आउने गर्दछन्। नेपाल आएकामध्ये करिब ६० प्रतिशत विदेशी पर्यटक मनोरञ्जनका लागि आउने गरेको र ४० देखि ४५ प्रतिशत पोखरा पुग्ने गरेका छन्। *रासस*

## गुजुल्टिएका तारहित बनाइँदै ठमेल

■ प्रभाव संवाददाता

**काठमाडौं–** पर्यटकीय क्षेत्र ठमेललाई सफा र सुन्दर बनाउन अव्यस्थित रूपमा तानिएका विद्युत, केबल टेलिभिजन, इन्टरनेट, टेलिफोनका तार तथा उपकरणहरू व्यवस्थापन गर्न सुरु भएको छ।

ठमेल पर्यटन विकास परिषदको सक्रियता, नेपाल विद्युत प्राधिकरण र केबल तथा इन्टरनेट सेवा प्रदायकहरूको सहभागितामा ठमेल क्षेत्रलाई सुन्दर बनाउन अव्यवस्थित रहेका तार हटाउने र व्यवस्थापन गर्ने काम अभियानकै रूपमा चलिरहेको छ।

विद्युतीय पोल प्रयोग गरी अव्यवस्थित तरिकाले तानिएको र प्रयोगमा नरहेका अनावश्यक अप्टिकल फाइवर, केबल पोलमा जथाभावी झुन्ड्याइएका उपकरणहरूका कारण पर्यटकीय क्षेत्र ठमेल कुरूप बनेको थियो।

प्राधिकरणले गत कात्तिकमा आगलागीलगायत विद्युतीय दुर्घटना न्यूनीकरण गरी भरपर्दो विद्युत सेवा उपलब्ध गराउन र सहरी सुन्दरतासमेत कायम राख्न दूरसञ्चार, केबल टिभी र इन्टरनेट सेवा प्रदायकहरूलाई आफ्नो संरचना निर्माण/व्यवस्थापन गर्न ४५ दिने समयसीमा दिएको थियो। सोहीअन्तर्गत ठमेल क्षेत्रका अव्यवस्थित तार तथा उपकरणहरू हटाउन सुरु गरिएको हो। ठमेल क्षेत्रमा लाइन सफा गर्ने सिलसिलामा ४८ ट्रक अव्यवस्थित र काम नलाग्ने तार तथा उपकरणहरू निकालिएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवाल, ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्मालगायत सम्मिलित उच्चस्तरीय टोलीले बुधबार ठमेल क्षेत्रमा तार व्यवस्थापनका लागि भइरहेको कामको अनुगमन गरेको छ।

कार्यकारी निर्देशक घिसिङले विद्युतको तत्कालका लागि नांगो तारलाई फेर्ने, बांगो र मक्किएका पोलहरू हटाएर राम्रा राम्रो पोलहरू राखी पर्यटकीय क्षेत्र ठमेललाई सफा र सुन्दर बनाउने अभियानमा साथ दिइने बताए।

‘अव्यवस्थित तारको गुजुल्टोको कारण सहर कुरूप बनेको छ, आगलागी भई धनजनको क्षति भएको छ, हाम्रो सेवा प्रभाह प्रभावित भएको छ, सहरी सौन्दर्यता कायम गर्न विद्युतीय दुर्घटनालाई न्यूनीकरणका लागि हाम्रा संरचनामा राखिने विभिन्न सेवा प्रदायकका तार तथा उपकरणहरूका लागि मापदण्ड तयार गरी व्यवस्थापन गर्न लागिएको हो, मुख्य सहरी क्षेत्रको सौन्दर्यता कायम गर्न अव्यस्थित तारलाई व्यवस्थित बनाउने काम देशभरी नै सञ्चालन गरिरहेका छौं’, घिसिङले भने। उनले काठमाडौं उपत्यका, पोखरा र भरतपुरमा विद्युतीय संरचनालाई भूमिगत बनाउने काम भइरहेको बताए।

प्राधिकरणले विभिन्न सेवा प्रदायकका राउटर, अप्टिकल फाइबर वितरण बक्स जस्ता उपकरणहरू पोलको एउटै मात्र भागमा क्रमैसँग मिलाएर नझर्ने, नहल्लिने गरी जडान गरी र सफासँग क्लिप प्रयोग गरी वाइरिङ गर्नुपर्ने व्यवस्था गरेको छ।

## सबै उडान पोखराबाट गर्दै बुद्ध एयर

■ प्रभाव संवाददाता

**पोखरा–** बुद्ध एयरले यही पुस १७ गतेदेखि सबै उडान नवनिर्मित पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सञ्चालन गर्ने भएको छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अंग्रेजी वर्ष २०२३ को १ जनवरीदेखि व्यावसायिकरुपमा सञ्चालनमा ल्याउने नेपाल नागरिक उड्डयन प्राधिकरणले घोषणा गरिसकेको छ। भौतिक पूर्वाधारले निकै राम्रो मानिएको नयाँ विमानस्थलबाट उडान भर्न सम्पूर्ण तयारी गरिएको कम्पनीले जनाएको छ। बुद्ध एयरले नयाँ विमानस्थलबाट उडान हुने भएकाले यात्रुलाई निश्चित समयमा जाँचका लागि अनुरोध गरेको छ।

उक्त विमानस्थलमा आइएफआर प्रविधि पनि जडान गरिएकाले अब कम भिजिविलिटीमा पनि उडान भर्न सकिने छ। यस विमानस्थलमा यात्रुलाई टर्मिनल भवनबाट जहाजसम्म ल्याउन पुऱ्याउन ऱ्याम्प बस राखेको छ। यात्रु जहाज र टर्मिनल भवन आउजाउ गर्न ऱ्याम्प बसको प्रयोग गर्नुपर्ने हुन्छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा बुध्द एयरका लागि जाँच काउण्टर नं ३, ४ र ५ तोकिएको छ। सामानको तौल तथा सुरक्षा जाँचमा समय लाग्ने हुँदा समयमै यात्रुलाई प्रवेश गर्न बुद्ध एयरले अनुरोध गरेको छ।

नयाँ विमानस्थलमा अभ्यस्त हुन केही समय लाग्ने हुँदा पोखराबाट यात्रा गर्ने यात्रुले टिकटमा उल्लेख गरिएको समयभन्दा दुई घण्टा अगाडि विमानस्थल पुगेर जाँच गर्न बुद्ध एयरले विशेष आग्रह गरेको छ।

बुद्धले पोखरा विमानस्थलबाट काठमाडौं जस्तै देशका हरेक गन्तव्यलाई क्रमशः जोड्दै लैजाने जनाएको छ। नागरिक प्राधिकरणको अनुमतिमा २३ फेब्रुअरीदेखि रात्रिकालिन उडान पनि गरिने छ।

अन्तर्राष्ट्रियतर्फ अनुमति पाएलगत्तै बुद्ध एयरले पोखराबाट भारतको वाराणसी पनि उडान भर्ने योजना बनाएको छ। बुद्ध एयरसँग ११ एटीआर-७२, तीन एटीआर-४२ जहाज रहेका छन्। निकट भविष्यमै बुद्ध एयरले थप तीन एटीआर-७२ जहाज भित्र्याउन लागेको छ।


गलकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गलकोट, बागलुङ

**निःशुल्क प्राथमिक स्वास्थ्य सेवाका अत्यावश्यक औषधि तथा सर्जिकल सामग्री खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**सिलबन्दी दरभाउपत्र नं. ०१/२०७९/०८०, सूचना प्रकाशित मिति : २०७९/०९/१४**

यस गलकोट नगरपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुबाट आ.व. २०७९/०८० मा निःशुल्क रुपमा वितरण गर्नका लागि अत्यावश्यकीय औषधि तथा सर्जिकल सामग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले औषधि व्यवस्था विभागबाट इजाजत प्राप्त रजिष्टर्ड फर्म/कम्पनी वा सप्लायर्सहरुबाट देहायका शर्तहरुका अधिनमा रही यो सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

१. कार्यालयमा सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र रु. १०००/- (अक्षरुपी एक हजार रुपैयाँमात्र) फिर्ता नहुने गरी नगद बुझाएको सक्कल आम्दानी रसिद, आ.व. २०७९/०८० सम्मका लागि नविकरण गरिएको सम्बन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी वा फर्म तथा दर्ता प्रमाण-पत्र, औषधि व्यवसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र वा करमा विवरण पेश गरेको कागजात र नेपाली नागरिकताको प्रमाणपत्रको नोटरी पब्लिकद्वारा प्रमाणित गरिएका प्रतिलिपिहरु निवेदन साथ संलग्न राखी रु. १०/- को टिकट टाँसी कार्यालय समय भित्र दरभाउपत्र दाता वा निजको प्रतिनिधिले यस कार्यालयबाट फाराम खरिद गर्न सक्नेछन्।

२. दरभाउपत्र फाराम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। दर्ता भएको सिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे दरभाउपत्र दाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्र दर्ता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। सिलबन्दी दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

३. सिलवन्दी दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र जमानत वापत रु. ७०,०००/- अक्षरुपी सत्तरी हजार रुपैयाँ मात्र ने.बै.लि. बागलुङ स्थित गलकोट नगरपालिका कार्यालय बागलङुको धरौटी खाता १२३०३०००००३००००००००१ मा नगदै जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको (दरभाउपत्र पेस गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको) विड बण्ड सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

४. दरभाउपत्रदाताले कबोल गरेको प्रत्येक आइटमको मु.अ.कर बाहेकको इकाइ मूल्यलाई अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा उल्लेखित रकम फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा सहीछाप गरी फर्म वा कम्पनीको छाप लगाउनुपर्नेछ।

५. नेपाल सरकारको हितलाई ध्यानमा राख्दै प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु पूर्णरुपमा स्वीकार गर्ने, आंशिक रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा अस्वीकार गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ। साथै सिलवन्दी दरभाउपत्रमा उल्लेख भएको औषधि तथा सर्जिकल सामानहरुको परिमाणमा थपघट समेत हुन सक्नेछ। यसरी परिमाणमा थपघट भए पनि दरभाउपत्रदाताले कबोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ। साथै स्वीकृत भएको दररेट २०८० आषाढ मसान्त सम्मको लागि मान्य हुनेछ।

६. दरभाउदाताले आफूले खरिद गरेको दरभाउ पत्र नै दर्ता गराउनु पर्नेछ। यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन। साथै छायाँ प्रति तयार गरी पेश गरेको दरभाउपत्रलाई मान्यता दिइने छैन।

७. दरभाउदाताले दरभाउपत्र साथ आफू खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रमाणित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा र व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा संलग्न गर्नु पर्नेछ।

८. दरभाउपत्रको स्वीकृति समग्र प्याकेजको बोलकबोल अंक मध्ये न्यूनतम मूल्यका आधारमा गरिनेछ।

९. औषधिको म्यादको हकमा औषधि दाखिला हुने समयमा कम्तीमा १८ महिनाको Expiry Date बाँकी भएको हुनु पर्नेछ। तर कुनै औषधि जम्मा Expiry Date १८ महिना भन्दा कम अवधिको हुने भएमा जम्मा Expiry Date कुल अवधिको ७५ प्रतिशत म्याद बाँकी भएको हुनुपर्नेछ।

१०. म्याद नाघि आएको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कारवाही गरिने छैन।

११. सप्लाई हुने औषधिको प्रत्येक प्याकिङको बाहिर उत्पादन मिति, Expiry Date, Batch No. तथा Supply for Ministry of Health Nepal, नेपाल सरकारबाट निःशुल्क वितरणको लागि भन्ने वाक्यांश उल्लेख हुनुपर्नेछ।

१२. सप्लाई हुने औषधि तथा सर्जिकल औजार सामग्रीहरु WHO/GMP प्राप्त कम्पनीबाट उत्पादन भएको हुनु पर्नेछ। स्वदेशी औषधिको हकमा WHO/GMP Certificate को प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। विदेशी कम्पनीबाट उत्पादित औषधिहरुको हकमा औषधि व्यवस्था विभागको पैठारी सिफारिस पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

१३. दरभाउपत्र खरिद गर्दा कम्पनी वा फर्मको आधिकारिक व्यक्ति स्वयं उपस्थित हुनुपर्नेछ र आफू उपस्थित हुन नसकेमा उक्त संस्थाले आफूले पठाएको प्रतिनिधिको परिचय खुल्ने कागजात, संस्थाको छाप, आफ्नो लेटर प्याडमा **“दरभाउपत्र खरिद गरी पाउँ”** भन्ने निवेदन पेश गरेमा दरभाउपत्र खरिद गर्न सकिनेछ।

१४. दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ।

१५. यस सूचनामा उल्लेख भएका कुराहरु उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ।

| सि. नं. | दरभाउपत्र नं. | विवरण | इस्टिमेट अंक (मु.अ.कर सहित) | धरौटी रकम २.५% | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१/२०७९/०८० | औषधि तथा सर्जिकल सामग्री खरिद | २८,००,०००/- (अक्षरुपी अठ्ठाइस लाख रुपैयाँ मात्र) | रु. ७०,०००/- | |

**प्रमुख प्रशासकीय अधिकृत**


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ